अविलम्व प्रेषणका लागि

# विश्व बैंक

## नेपालका बढ्दो खाद्य मूल्य बृद्धिको प्रत्युत्तरमा विश्व बैंकको सहयोग

वाशिंगटन, आश्विन १४ गते, २०६५ । बढ्दो खाद्य मूल्य बृद्धि, उच्च इन्धन मूल्य, खडेरी र भर्खरैको बाढीबाट श्रृजित समस्याहरु रहेका खाद्य सुरक्षाहीन क्षेत्रहरुमा बसोबास गरिरहेका लाखौं नेपालीहरुका लागि थप मद्दत उपलब्ध हुदैछ । विश्व बैंकले कठिनाईहरुलाई न्यून गर्ने र पुनः प्राप्तिलाई गति दिने नेपालको प्रयासलाई सहयोग गर्न तीन करोड साठी लाख अमेरिकी डलरको सहयोग राशिलाई अनुमोदन गऱ्यो ।

विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी) का अनुसार, साठी लाख मानिस खतराको अवस्थामा हुनुका साथै नेपालका कम्तीमा ३३ जिल्लाहरु हाल अति खाद्य असुरक्षाको स्थितिमा छन् । तीमध्ये पच्चीस लाखलाई तत्काल खाद्य सहायताको आवश्यकता छ । इन्धनको गम्भीर अभावले यातायात सुविधाको राम्रो पहुँच नभएका मध्य पश्चिम र पश्चिम नेपालमा यातायात खर्चलाई अझ उच्च बनाएको र बढी चर्काएको छ । यस्ले गर्दा खाद्यान्नको भाउलाई अझ बढाएको छ । सतरी प्रतिशत जति बाली उत्पादन ह्रास भएका कतिपय क्षेत्रका समुदायहरुको त्यसै नाजुक अवस्था रहेकोमा त्यसलाई बाढीको प्रकोपले झन चर्काएको छ ।

नेपालले बाढीको संकटको श्रृखंलाको पनि सामना गर्नु परेको छ । कोशी नदीको तटबन्ध भत्कदाँ पूर्वी नेपालका दुई जिल्ला बाढीले जलमग्न भएको छ । करिब पचास हजार मानिसलाई तत्काल खाद्य सहायताको आवश्यकता छ । भर्खरै, सुदूर पश्चिम र मध्य पश्चिम नेपालका सात जिल्लाहरुमा बाढी र पहिरोले विनाश उत्पन्न गरेको छ । हाल त्यहाँको अत्यावश्यक आवश्यकताका बारे एउटा लेखाजोखा गरिदैछ ।

खास गरी खाद्य असुरक्षा भएका जिल्लाहरु र न्यून धारकहरुका लागि खाद्य पहुँचलाई सुधार्दै र कृषि उत्पादनलाई सुदृढ गर्दै विश्वव्यापी खाद्य मूल्य बृद्धिबाट उत्पन्न असरलाई मत्थर पार्न नेपाललाई सहयोग गर्न नेपाल खाद्य मूल्य संकट प्रत्युत्तर कार्यक्रम विकास गरिएको थियो । विश्वव्यापीरुपमा खाद्यान्नको मूल्य जनवरी २००६ बाट दुई गुना भन्दा बढी बृद्धि भएको छ र जनवरी २००८ बाट मात्र साठी प्रतिशत भन्दा बढी बढेको छ । इन्धनको मूल्य बृद्धिले वितरण मूल्यमा बढोत्तरी हुन गई विश्वको उच्च खाद्य मूल्यको असरलाई अझ चर्काएको छ र परिणामतः धेरै देशहरुमा उच्च खाद्य मूल्य स्फिति भएको छ ।

नेपालका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक सुसान गोल्डमार्क भन्नु हुन्छ, “यस कार्यक्रमले नेपाल सरकारको खाद्य सुरक्षा कायम राख्ने र अभिबृद्धि गर्ने राष्ट्रिय रणनीतिलाई सहयोग गर्नेछ ।” उहाँ भन्नु हुन्छ, “यस्ले खाद्य सुरक्षाहीन जिल्लाहरुका खतरायुक्त अवस्थामा रहेको घरगृहस्थीहरुलाई खाद्य सुरक्षाका लागि सामाजिक सुरक्षा सन्जाल साधनहरुसाथै कृषि उत्पादन र परिणामतः मुख्य उत्पादन बस्तुहरुको उत्पादन बृद्धिको दीर्घकालिन साधनलाई तत्काल सहायता गर्नेछ ।”

अल्पकालका लागि, विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी)संगको साझेदारीमा यस कार्यक्रमले ३३ जिल्लाहरुका खतरायुक्त घरगृहस्थीहरुलाई तत्काल सहायता प्रदान गर्नेछ । यस कार्यक्रमले करिब ४ लाख ८० हजार व्यक्तिहरुलाई एक बर्षमा ५० देखि ७० दिनसम्म सार्वजनिक कार्यहरुमा रोजगारी उपलब्ध गराउनेछ । बजारमा खाद्य उपलब्ध नभएका क्षेत्रहरुमा ज्यालाका रुपमा पोषण मिसाइएका खाद्य प्रदान गरिनेछ तर बजार राम्ररी संचालनमा रहेका स्थानहरुमा नगद प्रदान गरिनेछ । डब्ल्यूएफपि र स्थानीय बिकास मन्त्रालयको ग्रामीण समुदाय पूर्वाधार कार्यक्रमले तिनीहरुको कामका लागि खाद्यान्न/नगद कार्यक्रम अन्तरगत खतरायुक्त र सिमान्तकृत समुदायहरुका लागि तत्काल खाद्य सहायता प्रदान गर्ने दिशामा सबल पदचिन्ह प्रदर्शन गरेका छन् ।

यस कार्यक्रमका थप अवयवहरुले दुर्गम जिल्लाहरुमा मलखादको प्रयोग, लघु सिंचाई कार्यक्रमहरु, सुधारिएको वीउविजनको स्थानीय उत्पादन र माटोको उर्बराशक्ति व्यवस्थापनमा सहायता गर्नेछन् ।

पछिल्ला छ महिनामा मलखादको मूल्यमा ३० प्रतिशत बृद्धि भएको छ र इन्धनको अभाव तथा इन्धनको बढ्दो मूल्यले थप अवरोध श्रृजना गरेका छन् । सरकारी यातायात अनुदानको परिणामस्वरुप दुर्गम जिल्लाका कृषकहरुले पनि यातायात खर्च बढी नभएका अन्य जिल्लाका कृषकहरु सरह मलखादका लागि समान मूल्य तिर्दछन् । तर बढ्दो यातायात खर्चका कारण विगत १२ महिनामा आपूर्तिमा ३० प्रतिशतले ऱ्हास आएको यस कार्यक्रमले पाएको छ, जस्ले गर्दा स्थानीय

उत्पादनलाई छोटो समयमा पुनः कायम गर्न असम्भवतुल्य बनाएको छ। नेपाल खाद्य मूल्य संकट प्रत्युत्तर कार्यक्रमले यातायात अनुदानका लागि बजेटमा अस्थायी बढोत्तरी गर्न सरकारलाई सहयोग गर्नेछ र साना किसानहरुले प्रांगारिकलगायतको मलखाद प्राप्त गर्ने कुरालाई प्रत्याभूत गर्नेछ।

लघुस्तरको सिंचाईका लागि यस कार्यक्रम अन्तरगतको सहायता सिंचाई परियोजना चालू नभएका क्षेत्रहरुमा केन्द्रीत रहनेछ र यस्ले खाद्य सुरक्षाहीन दुर्गम क्षेत्रहरुका न्यून धारकहरुका आवश्यकतालाई सम्बोधन गर्नेछ।

यस बीचमा, सुधारिएको वीउविजनको प्रयोग र वीउविजन प्रतिस्थापन स्तरमा भएको सामान्य सुधारसमेतबाट सार्थक उच्चस्तरको उत्पादनको आशा गर्न सकिन्छ। वीउविजनको प्रतिस्थापन स्तरको बढोत्तरी, सिंचाईमा पहुँच र माटोको उर्बराशक्तिमा गरिएको सुधारको संयुक्त प्रभाव सार्थक हुने भएकोले यस कार्यक्रमले वीउविजन कार्यक्रम साथै माटोको उर्बराशक्ति बृद्धिको बैकल्पिक अवधारणाहरुलाई प्रवर्द्धन गर्नेछ।

विश्व बैंकका बरिष्ठ अर्थशास्त्री गायत्री आचार्य भन्नु हुन्छ , "यस कार्यक्रमले सुधारिएको सिंचाई र किसानका लागि सम्भाव्य वीउविजन उपलब्धताका कारण स्थानीय तहमा स्व- पर्याप्ततामा बृद्धि भई उत्पादनमा बृद्धि हुने र उच्च खाद्य मूल्य बृद्धिबाट लाभ हुने परिणाम प्राप्त हुने हामी अपेक्षा गर्दछौं।"

यस सहायता राशिमा विश्व बैंकको सुविधाजनक कर्जा प्रदायक अंग, अन्तराष्ट्रिय विकास संगठन (आईडिए) बाट अनुदान र ऋणमा तीन करोड दश लाख अमेरिकी डलर र खाद्य मूल्य संकट प्रत्युत्तर कोषबाट अनुदानमा पचास लाख अमेरिकी डलर समाबेश छ।

बैंकले नेपालमा गरेका कार्यहरुबारे थप जानकारीका लागि कृपया हेर्नुहोस [http://www.worldbank.org.np](http://www.worldbank.org.np)

परियोजना सम्बन्धी जानकारीका लागि कृपया हेर्नुहोस
[http://www.worldbank.org.np/external/projects/main?pagePK=64283627&piPK=73230&theSitePK=223555&menuPK=286969&Projectid=P113002](http://www.worldbank.org.np/external/projects/main?pagePK=64283627&piPK=73230&theSitePK=223555&menuPK=286969&Projectid=P113002)